Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
## Women's Rehabilitation Center (WOREC)

**मिति : २०७७ बैशाख १५**

## बन्दाबन्दीको १ महिनाको समयावधिमा १२८ जना महिला र बालिकामाथि हिंसा

**पृष्ठभुमि**

चैत्र ११ देखि बैशाख ११ सम्मको समयमा १२८ जना महिला तथा बालिकामाथि विभिन्न प्रकारको हिंसा भएको पाईएको छ ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) द्वारा सञ्चालन गरिएको ३ वटा हटलाईन र २८ जना मनोपरामर्शकर्ता मार्फत १५ वटा जिल्लाहरुबाट[1] बन्दाबन्दी शुरु भएदेखि[2] १२८ जना महिला तथा बालिका माथि घटेका हिंसाका घटनाहरु अभिलेखिकरण भएका छन् । जसमा ७२ वटा घरेलु हिंसा, १४ वटा सामाजिक हिसा, १८ वटा बलात्कार, २ वटा बलात्कारको प्रयास, १ वटा हत्या, २ वटा हत्या वा आत्महत्या अनुसन्धानको क्रममा रहेको, ५ वटा यौन दूर्व्यवहारका घटना, १० वटा आत्महत्या, २ वटा आत्महत्याको प्रयास, २ वटा हत्याको प्रयासका घटना रहेका छन् ।

हिंसा गर्ने व्यक्तिहरुमा सबैभन्दा बढी ५४ जना श्रीमान् रहेका छन् र २९ जना परिवारको सदस्यहरु रहेका छन् । त्यसैगरि २७ वटा घटनाहरुमा छिमेकी, ६ वटामा प्रेमी ठानिएका व्यक्ति, १ घटनामा साथी, १ घटनामा घरमालिक रहेको पाईएको छ भने १० वटा घटनामा पीडकहरुको पहिचान हुन बाँकी रहेको छ । बलात्कारका घटनाहरु भने १३ वटा छिमकीबाट, १ घटना बुबावाट, १ वटा परिवारको सदस्यबाट, १ प्रेमी ठानिएका व्यक्तिबाट र २ पहिचान नखुलेको व्यक्तिबाट भएको पाईएको छ ।

संस्थामा अभिलेखिकरण भएका घटनाहरुमध्ये ५१ जना प्रहरीमा उजुरी दर्ताका लागि गएको, १५ जना मेलमिलाप समितीमा गएको, १५ जना हिंसा सहन नसकेर आमाबुवाको घर/ आफन्तकोमा गएर बसिरहेका र बाँकि प्रभावितहरुले कुनै पनि निकायमा सहयोगका लागि हाल उजुरी गरिनसकेको र वातावरण सहज भएपछि सम्बन्धीत निकायमा जाने बताएका छन्

कोभिड १९ को भाइरसले फैलाएको विश्व्यापी महामारी कारण नेपालमा चैत्र ११ २०७६ गते देखि शुरु भएको बन्दाबन्दी १ महिना पुगिसकेको छ । यस महामारीको जोखिमबाट नागरिकलाई सुरक्षित राख्नका लागि तिनै तहका सरकारद्वारा जिम्मेवारीपुर्ण कार्य भईरहेको छ । कोरोनाको संक्रमणसँगै, यस बन्दाबन्दीको समयमा महिला तथा बालिकामाथि भएको र हुनसक्ने हिंसाको सम्बोधनका लागि सरकारले थप गम्भीरता र संबेदनशीलताका साथ आवश्यक कार्यहरु गर्नुपर्ने आवश्यक देखिन्छ ।

आफ्ना नागरिकहरुलाई हरेक किसिमको जोखिमबाट सुरक्षा गर्ने, हिंसा, अन्याय हुनबाट संरक्षण गर्ने र हिंसामा परेकालाई सहयोग गर्ने प्रमुख जिम्मेवारी राज्यको हो । धेरै तथ्यहरुले परिवारका सदस्य र आफ्नै समुदायका व्यक्तिहरुबाट महिलामाथि हिंसा हुने गरेको सत्य बाहिर ल्याईसकेको छ । यस स्थितीमा महिला र बालिकाहरु हिंसाको उच्च जोखिममा रहेको तथ्यलाई स्वीकार गर्दै, हिंसा प्रभावितका लागि जस्तोसुकै परिस्थितीमा पनि सरकार हिंसा र विभेद विरुद्ध गरेको प्रतिबद्धता पुरा गर्न तयार छ भन्ने सन्देश समुदायस्तरसम्म पुर्‍याउनु आवश्यक छ ।

---

[1] धनुषाबाट १९, मोरगंबाट १८, रुकुमबाट ६, कैलालीबाट १६, दागंबाट ८, काठमाण्डौंबाट ३, बर्दियाबाट ४, सिरहाबाट २४, उदयपुरबाट १२, सुनसरीबाट ८, बाकेबाट २, स्याग्जाबाट (सञ्चारमाध्यम) २, महोत्तरी ४, रौतहट १, र पर्साबाट १ (सञ्चारमाध्यम) लगायतका जिल्लाबाट अभिलेखिकरण भएका हुन् ।

[2] बन्दाबन्दी शुरु भएदेखि (मिति २०७६ चैत्र ११ देखि २०७७ बैशाख ११ गतेसम्म)

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

सुदुर पश्चिम प्रदेशको गौरीगंगा नगरपालिमा बन्दाबंदीको अबधिमा हिंसा प्रभावित भएका महिलाहरुका लागी बिशेष सुरक्षित गृहको व्यवस्था गरेकोमा यस संस्था गौरीगंगा नगरपालिकालाई धन्यवाद दिंदै अन्य पालिकाहरुलाई पनि हिंसा प्रभावितका लागि सहयोगी संयन्त्रहरु स्थापना गर्न र भएका संयन्त्रहरुको प्रभावकारी कार्यान्वयन हुने वातावरण तयार गर्नका लागि अनुरोध गर्दछ ।

अझ पनि धेरै जिल्लामा सुत्केरी हुन जाने महिलालाई अस्पतालले नलिने, राम्रो सेवा प्रदान नगर्ने जस्तो स्थिति सिर्जना भएको छ । सुत्केरी हुने महिलाहरुका लागि सहज सुत्केरी हुने ब्यवस्थाको कमी एवं गर्भवती महिलाका लागि सुरक्षित तवरले खोप, आईरनचक्की, नियमित जांच जस्ता कुराहरुमा अझैं सुधार गर्नुपर्ने सुझाव समुदायस्तरबाट आएको छ। यसर्थ यस तर्फसमेत सरकारको ध्यानाकर्षण गराउँदै महिला तथा बालिकामाथि हुने हिंसा रोकथाम र हिंसा प्रभावितको न्यायको अधिकार सुनिश्चित गर्न हामी सरकारलाई अपिल गर्दछौं ।

१. हिंसा विरुद्ध नेपाल सरकारले लिएको शून्य सहनशिलतालाई यस प्रकोपको अवस्थामा समेत कायम राखि, हिंसाको उजुरी गर्ने वा चाहने बालिका तथा महिलाका लागि उजुरी गर्न सहज वातावरणको सिर्जना गर्नुपर्ने ।

२. हिंसा प्रभावितका लागि स्थापना भएका सहयोगी संयन्त्रहरुले हिंसा प्रभावितको आवश्यकता अनुरुप सुरक्षाआवास, मनोपरामर्श, स्वास्थ्य तथा कानुनी सहयोग सेवालाई संक्रमणको सुरक्षा अपनाई निरन्तरता दिनुपर्ने ।

३. यस महामारीको अवस्थामा महिला तथा वालवालिकाहरुमाथि भएका हिंसाका घटनाहरुलाई तत्काल सम्बोधन गर्न प्रत्येक स्थानीय तहमा अल्पकालिन सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने ।

४. सबै अस्पतालमा गर्भवती र सुत्केरी महिलाहरुका लागि आवश्यक पर्ने सेवाहरु सुचारु गर्नुपर्ने । बर्थिंग सेन्टर, प्राथमिक स्वास्थ्य चौकी, अस्पताललाई नियमित सेवा प्रदान गर्नका आवश्यक सुरक्षा सामाग्रिहरु प्रदान गर्नुपर्ने ।

५. गर्भवती, सुत्केरी, सानो बच्चा हुने महिला तथा जेष्ठ नागरिकको लागि क्वारेन्टाइन स्थलमा बिशेष व्यवस्था र राहत वितरण गर्दा पौष्टिक खानेकुरा लगायतका अन्य आवश्यकताको ख्याल गर्नुपर्ने ।

६. प्रत्येक स्थानीय तहमा हिंसा प्रभावित वा कुनै पनि प्रकारको अप्ठ्यारोमा परेका महिलालाई तत्काल उजुरी दिने, प्रतिक्रिया दिने, आवश्यक सहयोग तथा सम्प्रेषण गर्ने (Referral) व्यवस्था सहितको हटलाईन सुचारु गर्नुपर्ने ।

धन्यवाद ।



लुभराज न्यौपाने
कार्यकारी निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org